गेरुवा गाउँपालिका उपाध्यक्ष

श्री लक्ष्मी कुमारी चौधरी ज्यूले

गेरुवा गाउँसभाको १६ औं अधिवेशनको तेस्रो बैठकमा

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२ को आय/व्यय अनुमानको बजेट बक्तव्य

गेरुवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर बर्दिया।

मिति २०८१ असार १० गते सोमबार

**आदरणीय सभा अध्यक्ष ज्यू**
**गाउँसभा सदस्य ज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको धारा २३० एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम गेरुवा गाउँपालिकाको उपाध्यक्षको हैसियतले गेरुवा गाउँ सभाको १६ औं अधिवेशनको तेस्रो बैठकमा आगामी आर्थिक वर्ष २०८१/०८२ को आय/व्ययको अनुमानित बजेट प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेकी छु। हालसम्मको प्राप्त उपलब्धीलाई संस्थागत गर्दै गेरुवा वासी नागरिकको विकास, सुशासन र समृद्धि प्रतिको आकांक्षालाई सम्बोधन गर्ने मूल उदेश्यका साथ प्रस्तुत बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

सर्वप्रथम, नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा नागरिकको अधिकारको स्थापना, स्वतन्त्रताको उपभोग र समाजको आमुल परिवर्तनका लागि भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च श्रद्धाभावका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

**सभाध्यक्ष महोदय,**

- संविधानमा उल्लेखित संघीय प्रणालिमा राज्यको आर्थिक नीति, निर्देशक सिद्धान्त, लुम्विनी प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य, स्थानीय सरकारको मर्म तथा गेरुवा गाउँवासीको मर्म, भावना, माग, विषय क्षेत्रगत विज्ञ तथा सरोकारवाला संस्था र व्यक्तिहरुको सुझाव र उपलब्ध सीमित साधन स्रोतको अधिक्तम प्रयोग हुने गरी यो बजेट तयार गरेको छु।
- गाउँपालिकावासी जनताको आकांक्षा सम्वोधन गर्ने क्रममा सीमित बजेटबाट असीमित मागहरु पूरा गर्नु निश्चय नै सहज छैन। तथापी भरसक संविधानको परिधिभित्र रहेर गाउँको आधारभूत तहको विकासमा टेवा पुग्ने र गाउँबासीको जीवनस्तरलाई माथि उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु।
- योजना विना गाउँको विकास सम्भव नहुने हुँदा गाउँपालिकाको दीर्घकालीन विकासको लागि तय गरीएको पाँच वर्षे आवधिक योजना, यातायात तथा पूर्वाधार विकास गुरुयोजना, भू-उपयोग नक्शाङ्कन र ठूला आयोजनाको विस्तृत परियोजना प्रतिवेदनका आधारमा क्रमागत आयोजनाका रुपमा सञ्चालन गर्ने नीतिलाई आत्मसाथ गर्दै बजेटको सुनिश्चित्ता गरेको छु।
- आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेका थुप्रै चुनौतीलाई सम्वोधन गर्ने क्रममा पालिका वासीका जन आकाँक्षालाई संघीय

सरकार र प्रदेश सरकारका कार्यक्रमहरुसँग समन्वय र साझेदारीमा समेत अगाडी बढ्ने गरी बजेटलाई परिलक्षित गरेको छु।

- "समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार" मूल नारालाई आत्मसात गर्दै सुन्दर, समुन्नत र समृद्ध गेरुवा गाउँपालिका निर्माणका लागि हामीले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटलाई अभिमुख गरेका छौ।

**सभाध्यक्ष महोदय,**

गेरुवा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा गर्दा लिइएका आधारहरु यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु। आगामी आर्थिक वर्ष २०८१/०८२ को योजना तथा कार्यक्रमहरु तयार गर्दा निम्न बमोजिमको आधारहरु लिइएको छ।

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८
- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७
- गेरुवा गाउँपालिकाको १६ औं गाउँसभाबाट पारित आ व २०८१/०८२ को नीति तथा कार्यक्रम
- संघ तथा प्रदेशबाट प्राप्त भएका अनुदान तथा राजश्व
- गेरुवा गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- विभिन्न साझेदार संस्थाहरुसँग भएका सहकार्यको प्रतिवद्धता
- गाउँपालिकाको आन्तरिक स्रोत साधनहरु
- पन्ध्रौ योजना र दिगो विकासको लक्ष्य

**आदरणीय सभा अध्यक्ष ज्यू**

**अब म चालु आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

संशोधन सहित चालु आर्थिक वर्ष २०८०/०८१ को लागि चालु तर्फ ३८ करोड ३२ लाख ५० हजार ९ सय २२ रुपैयाँ र पूँजिगत तर्फ २१ करोड २५ लाख ३० हजार ५२ रुपैयाँ गरी जम्मा ५९ करोड ५७ लाख ८० हजार ९ सय ७४ व्यय अनुमान रहेकोमा,

२०८१ असार ८ गतेसम्म चालु तर्फ २४ करोड ७९ लाख २५ हजार २ सय १४ रुपैयाँ प्रगति देखिएको छ, जुन कूल चालु बजेटको ६५ प्रतिशत हुन आउँछ। त्यसैगरी पूँजिगत खर्च तर्फ ९ करोड ०८ लाख ८६ हजार ३ सय ९२ रुपैयाँ प्रगति देखिएको छ, जुन कुल पूँजिगत बजेटको ४३ प्रतिशत हुन आउँछ। यस प्रकार असार ८ गतेसम्म कुल ३३ करोड ८८ लाख ११ हजार ६ सय ६ रुपैयाँ खर्च भएको छ, जुन कुल बजेटको ५७ प्रतिशत खर्च हुन आउँछ।

**अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- ❖ आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष योगदान।
- ❖ स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग।
- ❖ लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि।
- ❖ दिगो विकास, वन वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन।
- ❖ सुशासन तथा संस्थागत, प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाह।
- ❖ स्वरोजगारको माध्यमबाट गरिवी न्युनिकरणमा योगदान दिने।
- ❖ स्थानीय कला संस्कृति तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा पर्यटन विकास कार्यक्रम।
- ❖ फोहोरमैला व्यवस्थापन र सार्वजनिक स्थलको संरक्षण तथा सरसफाई।
- ❖ व्यवसाय तथा उत्पादनमुलक कृषि तथा पशु विकास कार्यक्रम।
- ❖ दलित, आदिवासी जनजाती तथा विभिन्न समुदायको उत्थानको कार्यक्रम।

**आदरणीय सभा अध्यक्ष ज्यू**
**गाउँसभा सदस्य ज्यूहरु,**

२०८१ साल असार ६ गतेका दिन यस गेरुवा गाउँपालिकाको १६ औं गाउँसभाले पारित गरेको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम, नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, मौलिक हकहरु, संघीय सरकार, प्रदेश सरकार र गेरुवा गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजनाले समेत लिएका नीति तथा प्राथमिकताहरु जस्ता विषयलाई आधार लिई आ.व.२०८१/०८२ को लागि योजना तथा कार्यक्रमहरु संचालन गर्न चालु तर्फ रु. ३८,७४,०९,५००।- ( ३८ करोड ७४ लाख ९ हजार ५ सय मात्र) पूँजिगत तर्फ रु. १४,३४,७८,०००।– (१४ करोड ३४ लाख ७८ हजार मात्र) गरी कुल आय रु ५३ करोड ८ लाख ८७ हजार ५ सय रुपैया अनुमान गरी विनियोजन गरेको छु ।

**आदरणीय सभा अध्यक्ष ज्यू**

**अब म यस गेरुवा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को कूल आयको अनुमानित विवरण प्रस्तुत गर्न चाहन्छु।**

आर्थिक वर्ष २०८१/०८२ को कुल आयको अनुमान (अनुसूची - १)

| क्र.सं | शिर्षक | प्रस्तावित आय रु. |
|---|---|---|
| **१** | **संघीय सरकार तर्फ** | **३५ करोड २९ लाख १० हजार ५ सय** |
| क | संघीय समानिकरण अनुदान | ११ करोड ५७ लाख |
| ख | संघीय शसर्त अनुदान –चालु | १९ करोड ३४ लाख १० हजार ५ सय |
| ग | संघीय शसर्त अनुदान –पूँजिगत | १६ करोड ३० लाख |
| घ | संघीय विशेष अनुदान –चालु | १ करोड ७५ लाख |
| ङ | संघीय समपुरक अनुदान –पूँजिगत | १ करोड |
| **२** | **प्रदेश सरकार तर्फ** | **२ करोड १९ लाख ९३ हजार** |
| क | **प्रदेश** समानिकरण अनुदान | ७९ लाख ९३ हजार |
| ख | **प्रदेश** शसर्त अनुदान — चालु | प्राप्त नभएको |
| ग | **प्रदेश** शसर्त अनुदान — पूँजिगत | ७० लाख |
| घ | **प्रदेश** विशेष अनुदान | प्राप्त नभएको |
| ङ | **प्रदेश** समपुरक अनुदान– पूँजिगत | ७० लाख |
| **३** | **राजश्व बाँडफाँड** | **१० करोड ४८ लाख ८४ हजार** |
| क | संघीय सरकार **राजश्व बाँडफाँड** | ९ करोड ८८ लाख |
| ख | प्रदेश सरकार **राजश्व बाँडफाँड** | ४० लाख ८४ हजार |
| ग | स्थानीय सरकार **राजश्व बाँडफाँड** | २० लाख |
| **४** | **आन्तरिक स्रोत** | **५ करोड ११ लाख** |
| क | आन्तरिक आय | १ करोड ११ लाख |
| ख | अघिल्लो आर्थिक वर्षबाट ल्याएको (अल्या) | ४ करोड |
| **आर्थिक वर्ष २०८१/०८२ मा प्राप्त हुने जम्मा आय अनुमान** | | **५३ करोड ८ लाख ८७ हजार ५ सय** |

आर्थिक वर्ष २०८१/०८२ को कुल व्ययको अनुमान (अनुसूची - २)

| क्र.सं | शिर्षक | बजेट सिमा |
|---|---|---|
| १ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ११ करोड ४० लाख ३६ हजार ५ सय |

| | | |
|---|---|---|
| २ | विषयगत समितिहरु तर्फ | |
| क | आर्थिक विकास समिति | १ करोड ४ लाख ६३ हजार ५ सय |
| ख | सामाजिक विकास समिति | ५ करोड ६३ लाख ३१ हजार |
| ग | सुशासन तथा संस्थागत विकास समिति | ५४ लाख |
| घ | पूर्वाधार विकास समिति | ७ करोड ३५ लाख ५० हजार |
| ङ | वातावरण तथा विपद व्यवस्थापन समिति | ३० लाख |
| ३ | वडा कार्यालयहरु तर्फ | १ करोड ६९ लाख ९६ हजार |
| क | वडा नं १ | २९ लाख ३६ हजार |
| ख | वडा नं २ | २१ लाख ९० हजार |
| ग | वडा नं ३ | २४ लाख ७३ हजार |
| घ | वडा नं ४ | ३१ लाख २१ हजार |
| ङ | वडा नं ५ | २९ लाख ४३ हजार |
| च | वडा नं ६ | ३३ लाख ३३ हजार |
| ४ | संघीय सरकारको शसर्त तथा विशेष अनुदान | २२ करोड ७२ लाख १० हजार ५ सय |
| ५ | प्रदेश सरकारको शसर्त तथा विशेष अनुदान | ७० लाख |
| ६ | संघीय सरकारको समपुरक | १ करोड |
| ५ | प्रदेश सरकारको समपुरक | ७० लाख |
| **जम्मा व्यय** | | **५३ करोड ८ लाख ८७ हजार ५ सय** |

उपरोक्तअनुसार, विनियोजित बजेटले गाउँपालिकाको गाउँसभाको १६ औं अधिवेशनको दोस्रो बैठकबाट पारित नीति तथा कार्यक्रमले तय गरेको लक्ष्यलाई पुरा गर्न सभाका सभाअध्यक्ष ज्यू, सभा सदस्य ज्यूहरु, सम्पूर्ण गेरुवावासी जनताको सहभागीतामा र गाउँपालिकाको कर्मचारीहरुको सवल कार्यान्वयनको लागि साथ, सहयोगबाट बजेटको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरेको छु।

**आदरणीय सभा अध्यक्ष ज्यू**
**गाउँसभा सदस्य ज्यूहरु**
**अन्त्यमा**

प्रस्तुत बजेट तर्जुमाका क्रममा मागदर्शन र अमूल्य सुझाव प्रदान गर्नुहुने श्रद्धय गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ सभा सदस्य ज्यूहरु, विषयगत समितिहरु, वडा समितिहरु, राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु।

साथै, गेरुवाबासी  आदरणीय सम्पूर्ण आमा-बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरुलाई “समृद्ध र समुन्नत गेरुवा, सुखी गेरुवा बासी” अभियानमा एकजुट हुन आव्हान गर्दै हार्दिक श्रद्धाभावका साथ आभार प्रकट गर्दछु।

धन्यवाद।

लक्ष्मी कुमारी चौधरी

उपाध्यक्ष

गेरुवा गाउँपालिका, बर्दिया।